# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिम्ता गाउँपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिम्ता गाउँपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिम्ता गाउँपालिका

## सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ८७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,
सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुर्खेत ।

१. **कैफियतसहितको राय** - हामीले सिम्ता गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू रू.४ करोड २० लाख ८९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.२१ लाख ३४ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २५ लाख ८७ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ५४ लाख ७२ हजारसमेत रु.३ करोड ९९ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको गतवर्षसम्म रु.२१ करोड ५७ लाख २८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२५ करोड ५६ लाख ८३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायव महालेखापरीक्षक**

# सिम्ता गाउँपालिका,

## सुर्खेत,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८० | ७१ | ४२०८९ | ० | २३ | २१३४ | ८० | ४८ | ३९९५५ | १८९६ | १५४७२ | २२५८७ | ० | ० | ३८०५९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| | २१५७२८ | ० | ० | २१५७२८ | ० | ३९९५५ | २५५६८३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| | | ४१ | फिल्टर वितरण | ५७१०६४ |
| | | ४९.६ | बिमा | १४५९३७८ |
| | | ६३ | बैठक भत्ता | ५४४०० |
| | | ६४ | कार्यसम्पादन मूल्याङ्कन भत्ता | २५५०० |
| | | ८६ | विद्यालयको इन्टरनेट खर्च | २४००० |
| | **चालु वर्षको जम्मा** | | | **२१३४३४२** |
| | **गत विगत वर्षतर्फको** | | | **०** |
| | **कुल जम्मा** | | | **२१३४३४२** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। कुल ९ वडामा ५० सभा सदस्य रहेको पालिका २४१.६४ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ८३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१० देखि २०८०।१०।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ

। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय — व्ययतर्फ रु.१ अर्व ५९ करोड ४ लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१४ लाख ६५ हजार असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| **वापत** | **रकम** | **मिति** | **दाखिला भएको बैङ्क/ कारोबार संकेत** |
|---|---:|---|---|
| अग्रिम आय कर | ३०६४ | ०८०।०८।१२ | आन्तरिक राजश्व कार्यालय, सुर्खेत |
| अग्रिम आय कर | ३०६४ | ०८०।०८।१२ | आन्तरिक राजश्व कार्यालय, सुर्खेत |
| प्रविधि हस्तान्तरण बढी भुक्तानी | १८००० | ०८०।०८।१२ | कोष तथा लेखा नियन्त्रक कार्यालय, |
| बहत्तर शुल्क दाखिला | १४०२९०० | २०८०।८।१८ | विभाज्य कोष खाता |
| विमा शुल्क | २७०० | २०८०।८।७ | आन्तरीक राजस्व खाता |
| बैठक भत्ता | ३१८७५ | २०८०।१०।८ | आन्तरीक राजस्व खाता |
| बढी भुक्तानी | ३३०० | २०८०।१०।५ | आन्तरीक राजस्व खाता |
| **जम्मा** | **१४६४९०३** | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति /भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ७०८८२२७६७.४५ | ६१५९७१४६२.९ | | ६१५९७१४६२.९ | ५३३७६१७५६.८५ | | ५३३७६१७५६.८५ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६७२१७४५७७.५५ | ५८२५५१४७०.३ | ० | ५८२५५१४७०.३ | ५०६१९३६५२.८५ | ० | ५०६१९३६५२.८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११००० कर | ११ | १०९३०९१५३. | ८६१७२७८८.४३ | ० | ८६१७२७८८.४३ | ८८५५९२४४.९५ | ० | ८८५५९२४४.९५ |
| १३०००अनुदान | | ५०४०५४०००. | ४८८९२३०८६. | ० | ४८८९२३०८६. | ४१२७७२२२०. | ० | ४१२७७२२२०. |
| संघीयसरकार | १२ | ४४८३६८०००. | ४३९७१८०००. | ० | ४३९७१८०००. | ३७७८६९३००. | ० | ३७७८६९३००. |
| प्रदेशसरकार | १२ | ५५६८६०००. | ४९२०५०८६. | ० | ४९२०५०८६. | ३४९०२९२०. | ० | ३४९०२९२०. |
| १४००० अन्यराजस्व | | ५५३९११७. | ५६५५५९५.८७ | ० | ५६५५५९५.८७ | ४८६२१८७.९ | ० | ४८६२१८७.९ |
| १५०००विविध प्राप्ति | | १०००००. | १८०००००. | ० | १८०००००. | ० | ० | ० |
| ३२०००वित्तीय सम्पत्ति | | ५३१७२२२७.५५ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्यप्राप्ति | | ३६६४८१८९.९ | ३३४१९९९२.६ | | ३३४१९९९२.६ | २७५६८१०४. | | २७५६८१०४. |
| वितरण गर्नबाकी राजस्व | | ० | १०००००. | ० | १०००००. | ० | ० | ० |
| कोषहरु | | ३६६४८१८९.९ | २५६०५००९.२४ | ० | २५६०५००९.२४ | २६६७२८३८. | ० | २६६७२८३८. |
| धरौटी | | ० | ७७१४९८३.३६ | ० | ७७१४९८३.३६ | ८९५२६६. | ० | ८९५२६६. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७०८८२२७६७.४५ | ५९६१०१२३०.३ | | ५९६१०१२३०.३ | ४८३६२२३२२.७२ | | ४८३६२२३२२.७२ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ६७२१७४५७७.५५ | ५७२४०८२०२.२१ | | ५७२४०८२०२.२१ | ४६६३६६६०६.३२ | | ४६६३६६६०६.३२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५९८६७०००. | २३८२४९७२८.९५ | ० | २३८२४९७२८.९५ | १७७४५८६३३.२५ | ० | १७७४५८६३३.२५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६३५४६४१३. | १२६४७९८५७.१८ | ० | १२६४७९८५७.१८ | ११९८५७०८२.०७ | ० | ११९८५७०८२.०७ |
| २५००० सहायता (Subsidy) | १८ | २०१११०००. | १५८३४८५३. | ० | १५८३४८५३. | २३२४६९१२. | ० | २३२४६९१२. |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | १०८८९३७. | ० | १०८८९३७. |
| २७००० सामाजिक सुरक्षा | १८ | १०१५५०००. | ८५८४०६९. | ० | ८५८४०६९. | ११९४२६३०. | ० | ११९४२६३०. |
| २८००० अन्य खर्च | १८ | ३४५०१०८९.९९ | ३३९२६३१७.९९ | ० | ३३९२६३१७.९९ | १६८९३०६. | ० | १६८९३०६. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८३९९४०७४.५६ | १४९३३३३७६.०९ | ० | १४९३३३३७६.०९ | १३१०८३१०६. | ० | १३१०८३१०६. |
| घ. अन्यभूक्तानी | | ३६६४८१८९.९ | २३६९३०२८.०९ | | २३६९३०२८.०९ | ४८३६२२३२२.७२ | | ४८३६२२३२२.७२ |
| कोषहरु | | ३६६४८१८९.९ | २१३८६३००.८२ | ० | २१३८६३००.८२ | १५६५०४२६. | ० | १५६५०४२६. |
| धरौटी | | ० | ३६७०२३६. | ० | ३६७०२३६. | १६०५२९०.४ | ० | १६०५२९०.४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी | | | -१३६३५०८.७३ | | -१३६३५०८.७३ | | | |
| ङ. योवर्षको बचत (न्युन) | | | १९८७०२३२.६ | | १९८७०२३२.६ | ५०१३९४३४.१३ | | ५०१३९४३४.१३ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६९१२६८३७.५४ | | ६९१२६८३७.५४ | १६१६२२१३.५६ | | १६१६२२१३.५६ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | | | ८८९९७०७०.१४ | | ८८९९७०७०.१४ | ६६३०१६४७.६९ | | ६६३०१६४७.६९ |
| बैंक तथानगद बाकी | २४ | | ८८९९७०७०.१४ | | ८८९९७०७०.१४ | ६७८२१५५०.२६ | | ६७८२१५५०.२६ |

२.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,१९,७८,३२६।७६, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.८,६७,२८,११८।८२-, गरिवसँग विशेश्वर कार्यक्रमको रु.४,४३,४४६।० तथा प्रदेश आन्तरिक मामिला मन्त्रालयतर्फ रु.२४,०००।० समेत गरी रु. १८,९१,७३,८९०।८२ उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,९०,२६,८३४।५४ मौज्दात रहेकोमा यो वर्ष रु. ६,९१,२६,८३७।५४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,००,००३।० बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२.३ पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १३,६३,५०८/७३ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६३,५०८ |

२.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाताकोप्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|

| | | |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.७, विविध खर्च खाता | १६२११०३२.२२ | १६२८८४३६.२२ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ७६२८६६९.६५ | ७६२८५५४.६५ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६४१४९६१६.३७ | ६४१४९६१६.३७ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ५१९९०५. | ५१९९०५. |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | १०००००. | १०००००. |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३८७८४६.९ | ३८७८४६.९ |
| जम्मा | ८८९९७०७०.१४ | ८९०७४३५९.१४ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु. ८,८९,९७,०७०।१४ र बैंक अनुसार रु.८,९०,७४,३५९।१४ देखिएकोमा स्रेस्ता भन्दा बैंक मौज्दात रु.७७,२८९।- वढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन गर्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गोमा शर्मा (रेग्मी) मिति २०७९।०३।१५ गते रु ६७ करोड २१ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा

५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २६४ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | रु.५लाखभन्दा कमका योजना सङ्ख्या | रु.५ लाखदेखि रु.२० लाख सम्मका योजना सङ्ख्या | रु. २० लाख सम्मका योजना सङ्ख्या | योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २ | ९४ | १४ | ११० |
| २. | वडास्तरीय | १४९ | ५ | ० | १५४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६४ योजनामात्र कार्यान्वयन भएका छन । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **आवधिक योजना** - योजना निर्माण गर्दा पालिकाको विकास गतिविधिलाई वास्तविक मार्गदर्शन प्रदान गरी दिगो विकास र स्थानीयको जीवनयापनमा परिवर्तनको महशुस हुने गरी उपलब्ध स्रोतसाधनको महत्वम परिचालन हुने गरी निर्माण गर्नुपर्दछ । प्रदेश समानीकरण अनुदानबाट पालिकाले यस वर्ष परामर्शदाता फेनापती कन्सल्टेण्ट प्रा.ली.सँग सम्झौता गरी पञ्चवर्षीय आवधिक योजना (०८०/८१-०८४/८५) तयार गरी रु.१३,९१,९३४/- भुक्तानी गरेको छ । पालिकाले आवधिक योजना निर्माणको लागि परामर्शदाताले प्रस्ताव गरे बमोजिम अर्थविद, भुगोलविद, समाजशास्त्री लगाएतका विशेषज्ञ परिचालन गरेको प्रमाण संलग्न गरेको देखिदैन । योजनाले विकास गतिविधिहरु स्रोत, साधन तथा क्षमतासँग अनुकूलित हुने गरी निर्माण तथा प्राथमिकीकरण गरेको छैन । साथै

आर्थिक वर्ष २०८०/८१ को बजेटमा योजना बमोजिमको कुरा समाहित गरी निर्माण नगरेको कारण आवधिक योजनाको औचित्य अर्थपूर्ण देखिदैन । उक्त योजना कार्यान्वय हुने गरी नीतिगत व्यवस्था गर्नु पर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७६७६०००० | ६३७०३५०९.०९ | ११.१३ |
| २ | पुर्वाधार विकास | ४६४३८५४७.५६ | ३४४०८५५० | ६.०११ |
| ३ | सामाजिक विकास | ३६१५२३५२७ | ३२०९९०१०७.५० | ५६.०८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३०७३०००० | २४८९१३५५.३३ | ४.३५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १५६७२२५०२.९९ | १२८४०७६८०.२९ | २२.४३ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ५६.०८ प्रतिशत र पूर्वाधार विकास सबै भन्दा घटीमा ६.०१ प्रतिशत रहेको छ ।

१० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय रु.८७ लाख ५४ हजार राजस्व बाँडफाँड रु.८ करोड ४८ लाख ७४ हजार र अनुदानबाट रु.४८ करोड ८९ लाख २३ हजार समेत रु.८० करोड ५१ लाख ४५ हजार आम्दानी भएकोमा चालुतर्फ रु.४४ करोड ६७ लाख ६७ हजार, पूँजिगततर्फ रु.१४ करोड ९३ लाख ३३ हजार र अन्य खर्च रु.१८ करोड ९१ लाख ७३ हजार समेत रु.७८ करोड ५२ लाख ७५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.९३ लाख १३ हजार खर्च भएको छ जुन आन्तरिक आयको १०६.३३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ४८.३५ र पूँजिगत ५१.६५ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ ।

यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | ६४५३९ | १०९१ | १५७१ | ० | ६१८७७ | १४०३३ |
| प्रतिशत | १०० | १.७० | २.४३ | ० | ९५.८७ | २१.७४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१० लाख ९१ हजार अर्थात १.७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १५ लाख ७१ हजार अर्थात २.४३ प्रतिशत, तेश्रो त्रैमासिकमा शून्य खर्च भएको र चौथो त्रैमासिकमा रु.६ करोड १८ लाख ७७ हजार खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म ऐन १३, नियमावली ३, कार्यविधि ५८, मापदण्ड ४ गरी १०२ कानुन निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरी कार्यान्यिनमा ल्याएको छ ।

१३ **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ९२७ जना | ९२७ जना |
| मृत्युदर्ता | १७० जना | १७० जना |

| | | |
|---|---|---|
| बसाईसराई दर्ता | २०७ वटा (आएको ४७ र जाने १६०) | २०७ वटा (आएको ४७ र जाने १६०) |
| विवाह दर्ता | ३४४ वटा | ३४४ वटा |
| सम्वन्ध विच्छेद | १० वटा | १० वटा |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | | |
| ग्राभेल सडक मर्मत | | |

विवरण अनुसार पालिकाले भवनसंहिता कार्यान्वयन निर्देशिका तथा मापदण्ड, २०७८ जारी गरेको भएतापनि स्वीकृत घरनक्सा दर्ता पास तथा सिफारिस गरेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोष जनक देखिएन । व्यवस्थित बसोबास र सोको पूर्वाधारमा जोड दिनुपर्दछ ।

१४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म २६ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले तोकिएको पद बाहेक करारबाट कर्मचारी पुर्ति गर्ने कार्य बन्द गरी रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.२,००,४४, २९०।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो लगायत विपद व्यवस्थापन कोष, मर्मत संभार कोष जस्ता कोषहरु खडा गरेको देखिएन ।

१७ **सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली** - नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/स्थानीय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ। पालिकाले आंशिक रुपमा मात्र सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS)मा प्रविष्टि गरेको छ । अतः पालिकाले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राखेर मात्र प्रयोगमा ल्याउनु पर्दछ।

१८ **जिन्सी अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिई प्रतिबेदनमा औल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी मौज्दातको विवरण तयार नगरेको, जिन्सी श्रेस्तामा सबै जिन्सी नचढाएको लेखा शाखामा दाखिला नम्बर उल्लेख गरी दाखिला प्रतिवेदन पेश गरेता पनि जिन्सी किताब नचढाएको, जिन्सी लेजर प्रमाणित नभएकोले यस वर्ष कार्यालयले खरिद गरी भुक्तानी गरेका सबै जिन्सीको सम्बन्धमा लेखापरीक्षणमा अधुरो जिन्सी लेजर पेश भएकोले सबै जिन्सी दाखिला भएको र खर्च जनाएको सबै जिन्सी वास्तविक खर्च हो भन्न सकिएन। पालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ।

१९ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई तोकिएको ढाँचामा प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ

२० **परल मूल्य** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ९६(२) बमोजिम उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको स्रेस्ता अद्यावधिक गर्नु व्यवस्था छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेनदमा आंशिक मालसामानको मुल्य खुलाएको छैन । कानुनमा तोकिएबमोजिम मालसामानको मूल्य एकिन गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

२१ **बरबुझारथ नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०३(१) बमोजिम कुनै कर्मचारी सरुवा भै जाँदा वा पदाधिकार पदमा नरहेमा जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था रहेकोमा निम्न जनप्रतिनिधिले बरबुझारथ नगरेको सामानको मूल्य समेत एकिन नभएकोले बरबुझारथ गरेको प्रमाण पेश गर्नुपर्ने

साथै मूल्य नखुलाई जिन्सी सामान हस्तान्तरण गर्ने कर्मचारीलाई जिम्मेवार बनाई मूल्य निर्धारण तथा खरिद विल समेतबाट रकम यकिन गरी असुल गर्नुपर्दछ ।

| पदाधिकारी | मालसामान |
|---|---|
| मोहन वि.सी. | ल्यापटप |
| गेहेन्द्र हमाल | सोलार र ब्याट्रि |
| गेहेन्द्र हमाल | इन्भटर |

२२ **टायर दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु.७५,५००।- मा ४ वटा टायर खरिद गरेकोमा खरिद आदेश एवं जिन्सी दाखिला समेत नगरेकोले उक्त मालसामान जिन्सी खातामा दाखिला गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,५०० |

२३ **सवारी साधन मर्मत संभार खर्च** - मर्मत संभार गर्दा मितव्यायी तरीकाले मेशिनको अवस्थामा सुधार हुने गरी खर्च गर्नुपर्दछ । पालिकाले सवारी साधनको मर्मत तथा संभारको सम्बन्धमा सिम्ता कार्य सञ्चालन निर्देशिकामा मापदण्ड निर्माण गरी पालिकाका कर्मचारीले प्रयोग गर्ने निजी मोटरसाइकललाई वार्षिक अधिकतर २० हजार मर्मत संभार गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष मर्मत संभारमा रु.४७,२७,६६१/- खर्च लेखेको छ । देहायका २ वटा पिकअप, जे.सि.बि. र एम्बुलेन्समा मात्र रु.४०,६१,५८६/- खर्च लेखेको अस्वाभाविक देखिन्छ । पालिकाले स्रोत साधनको महत्वम उपयोग हुने गरी सदुपयोगितामा ध्यान दिनुपर्दछ।

| **सवारी साधान** | **मर्मत संभार रकम** |
|---|---|
| पिकअप ४०२८ | १७६३८५९ |
| जे सि बि | ८००५७० |
| पिकअप २५२ | ८४७४०७ |
| एम्बुलेन्स | ६४९७५० |
| **जम्मा** | **४०६१५८६** |

२४ **बिस्तृत आयोजना प्रतिवेदन खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(२) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र साथै प्याकेजिङ्ग गरी बोलपत्रको माध्यमबाट समेत खरिद गर्न सकिनेमा नियम ७२ बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट

लागत अनुमान तयार नगरी परामर्श सेवा खरिद गरेको एवं स्वीकृत बजेट अनुसार खर्च भएकोले खरिद मितव्ययी र पारदर्शी देखिदैन। अतः नियमावलीको व्यवस्था अनुसार खर्च गर्नुपर्दछ।

| क्र.सं. | कार्यक्रमकोनाम | खर्च रु. |
|---|---|---|
| १ | भु उपयोग योजना | १४९८४४७ |
| २ | स्थानीय अनुकूलन कार्ययोजना | १४९३८६० |
| ३ | आवधिक योजना निर्माण | १३९१९३४ |

२५ **वडा तथा शाखागत खर्च** - पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ। भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ। विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको मोबाइल रिचार्ज कार्ड जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा नै दाखिला गर्ने गरेको छ। यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **सीमा निर्धारण** - पालिकाले वडा नं. ५ मा वडा कार्यालयको भवन निर्माणको लागि छुट्याएको जग्गाको साध सिमाना छुटयाउनको लागि नापी कार्यालय मेहनकुना, सुर्खेतका सर्वेक्षक निश्चल पुन मगरलाई डोल्मा कुमारी सुनारबाट रु.१०,०००/- भुक्तानी दिएकोले राजश्व दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

२७ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फस्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फस्यौंट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.६,००,०००।० पेश्की फस्यौंट नभई बाँकी रहेकोले नियमानुसार फस्यौंट हुनुपर्ने रु

| पेश्कीलिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|
| | | | म्यादननाघेको | म्याद नाघेको |
| १०/०६/२०७९ | १८८ | कम्प्युटर अपरेटरगोपाल सहानी क्षेत्री | ० | ३००००० |
| ०२/१०/२०८० | ७४ | पि.पि.ओ.टि.निर्माण सेवा | ० | ३००००० |
| | | जम्मा | | ६००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००,००० |

२८ **पेश्की फिर्ता** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ अनुसार कार्यक्षेत्रगत शर्त पुरा नगरेमा सम्बन्धित निर्माण व्यवसायी एवं आपूर्तिकर्तालाई कालो सूचीमा समेत राख्न सकिने व्यवस्था छ । पालिकाको वडा नं.६ मा रंगशाला निर्माणका लागि २०७९।०३।२१ सम्ममा रु.७० लाख ६८ हजारमा निर्माण कार्य सम्पन्न गर्नेगरी संझौता भएकोमा हालसम्मको वित्तीय प्रगति जम्मा ३५ प्रतिशत भएपनि निर्माण कार्य अलपत्र परेको छ । पालिकाको २०८० आषाढ २१ को निर्णयले उक्त निर्माण व्यवसायीले लिएको पेश्की रु.१२ लाख फिर्ता गरेकोले पेश्की फस्यौंट गरी ठेक्का संझौता भङ्गगर्ने निर्णय गरेको छ । सजिलो र नाफामूलक काममात्र गरी निर्माण संझौता अनुसार कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम १२८ को उपनियम (२) को (ग) देखि (च) सम्मको व्यवस्था अनुसार प्राप्त हुने उपचारका आधारमा कारबाही गरी उक्त निर्माण व्यवसायीलाई सोही नियमावलीको नियम १४१ अनुसार कालोसूचीमा सिफरिश गरी फिर्ता भएको पेश्की रकमको दश प्रतिशतले हुने व्याज रु.१ लाख २० हजार असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,००० |

२९ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५७३७९७२६९ | ८७५४२०१ | १.५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्यून देखिएकोले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **बहत्तर शुल्क** - पालिकाले आफ्नो क्षेत्रभित्रका नदिबाट आइ.ई.ई. प्रतिवेदनका आधारमा नदिजन्य पदार्थ ( ढुंगा, गिट्टी, बालुवा र ग्राभेल आदि) उत्खनन गरी आन्तरिक राजश्व संकलनका लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ । पालिका क्षेत्रको भेरी नदि तथा त्यसका सहायक खोलाहरुबाट दहत्तर बहत्तर ८३३३३३.३३ क्यु.फि. उत्खनन गर्न रु.१३,२७,४३४।- को लागत अनुमान गरी २०७९।७।२४ मा ८ दिन म्याद राखी सूचना प्रकाशन गरेको देखियो । सूचना अनुसार सवैभन्दा बढी रु.१३ लाख ३० हजार कवोल गर्ने श्री मल्ल कन्स्ट्रन कम्पनी, सिम्ता-६ लाई सम्झौताको लागि २०७९।८।११ मा १५ दिने सूचना जारी गरेको पाइयो । उक्त कम्पनीसँग २०७९।८।११ मा भएको सम्झौता कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः

३०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ५८ बमोजिम समयमा राजस्व दाखिला गर्नुपर्ने व्यवस्था रहेको पालिकाले दहत्तर बहत्तर ठेक्का हुनुपूर्व घाटमाद तोकी खटाइएका जेसिबि अपरेटर श्री लक्ष्मण

सिह ठकुरीले नगदी रसिद नं. १८०१ देखि १८१५ बाट रु.३९,३२०/- संकलन गरेको देखिएपनि हाल सम्म बैंक दाखिला भएको नपाइएकाले नियमानुसार थप हर्जना सहित अविलम्ब बैंक दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,३२० |

३०.२ अन्तर सरकारी वित्त व्यबस्थापन ऐन २०७४ को अनुसूची ४ मा प्राकृतिक श्रोतको रोयल्टीको रकम बाँडफाड गर्नुपर्ने सम्बन्धी व्यबस्था छ । पालिकाले दहत्तर बहत्तर शुल्क वापतको रकम रु.१४,०२,९००।—प्राप्त गरेकोमा ऐनमा भएको व्यबस्था बमोजिम नेपाल सरकारलाई पठाउनुपर्ने मूल्य अभिवृद्धि कर रु.१,७२,९००/- तथा प्रदेश सरकारलाई पटाउनु पर्ने रु.५,३२,०००/- बाँडफाँड गरी सम्बन्धित निकायलाई पठाएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०४,९०० |

३०.३ पालिकाले विभिन्न वडा कार्यालय बाट विभिन्न शिर्षकबाट रु. ८७,५४,२०१/- प्राप्त गरी आन्तरिक आम्दानीमा जनाएको भएतापनि छनौटमा परेका वडा हरुको रसिद तथा रसिद नियन्त्रण खाताको विवरण चेक जाँच गर्दा पालिकाबाट वडा न ६ मा पठाएको राजस्व ठेलिको ठेलि नम्बर २५० देखि ३००, २०५० देखि २१००, ४२५० देखि ४३००, ३०५० देखि ३२०० सम्मको तथा वडा न. ८ मा पठाएका रसिद मध्ये ४४५१ देखि ४५०० सम्मका रसिद लेखापरीक्षणको समयमा पेश भएन । साथै नगदी रसिद तर्फ १८०१ देखि १८१५ सम्मको आम्दानी समेत बैंक दाखिला भएको पाइएन ।यसले गर्दा कति राजस्व संकलन भयो संकलित राजस्व सञ्चितकोषमा प्राप्त हुन बाँकी भन्ने यकिन हुन सकेन । यस्तै लेखापरीक्षणको क्रममा रसिद नियन्त्रण खाता, खर्च भएका रसिद समेतको विवरण र आम्दानी पेश भएको छैन। यस सम्बन्धमा पालिकाबाटै निक्यौंल गरी रसिद अनुसार प्राप्त राजस्व जम्मा नगर्ने कर्मचारिलाई जिम्ममेवार बनाई पालिकको सञ्चित कोष दाखिला गरी राजस्व व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

३०.४ नदिजन्य तथा खानीजन्य पदार्थ उत्खननको ठेक्का पाएको मल्ल कन्स्ट्रक्सन कम्पनीले सम्झौताको बुदा नः ९ मा घरदैलोमा सुचना टाँस भएको मितिले ७ दिन भित्र मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणपत्र समेत लिइ ठेक्का अंकको प्रथम किस्ता वापत ५० प्रतिशत हुने रकम तथा दोश्रो किस्ता वापतको रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट कार्यालयको नाममा २०८० श्रावण मसान्त सम्मको म्याद सहितको जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी दहत्तर बहत्तर उठाउनु पर्ने साथै ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने रकमको नियमअनुसार थप १३ प्रतिशत मूल्य अभिबृद्धि कर रकम समेत कार्यालयमा बुझाउनु पर्ने व्यवस्था छ । कम्पनीले लेखापरीक्षणको २०८०।८।१८ मा मूल्य अभिबृद्धि कर सहित रु.१४,०२,९००।— राजस्व दाखिला भए पनि सम्झौताको बुंदा नं. २३ अनुसार व्याज रु.६६,११९/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,११९ |

३१ **स्काभेटरको राजस्व आम्दानी** - एस्काभेटर(Excavator) संचालन कार्यविधि २०७९ को दफा ५ मा सेवाग्राहीले पालिकाको कार्यालयमा तोकिएबमोजिमको रकम धरौटी खातामा राखी के कामका लागि मेशिन भाडामा लिनु परेको

हो सो खुलाई निवेदन दिनुपर्ने, रीतपुर्वक पर्न आएको निवेदन उपर जाँचबुझ गरी भाडामा दिने उल्लेख छ । तर पालिकाले एस्काभेटर प्रयोगमा राजस्व आम्दानी गरेको पाइएन । लेखापरीक्षणको क्रममा लकबुक समेत पेश नभएकोले इन्धनको खपत र काम समेत भिडान गर्न सकिएन ।कार्यविधि अनुसार पालिकाले प्रयोग गरेको बाहेक अन्य अवस्थाको राजस्व बृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३२ **उपभोक्ता समिति परिचालन**-सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ९३ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु३ करोड ९९ लाख ८४ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

३२.१ **निर्माण लगत ;** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

३२.२ **हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयम्लाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

३२.३ **सार्वजनिक सूचना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट

नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

३२.४ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३२.५ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३३ **न्यूनतम दररेट निर्धारण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट तोक्नुपर्ने उल्लेख छ । पालिकाले सुर्खेत जिल्लाको यस वर्षको अदक्ष कामदारको ज्याला दररेट दैनिक रु.७००/- भएकोमा पालिकाले आधार वेगर ज्यालादर रु.७४०/- निर्धारण गरेको पाइयो । एउटै जिल्ला भित्र ज्याला दररेटमा एकरुपता कायम हुने गरी स्पष्ट आधारमा दर निर्धारण गर्नुपर्दछ ।

३४ **गत बर्षको दायित्व** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको आर्थिक वर्षको पुरानो भुक्तानी गर्न बाँकी रकम रु.४१,३८,७३२/- यस वर्ष भुक्तानी गरेको अनियमित देखएको रु.

| गो.भौ.नं. | विवरण | आर्थिक वर्ष | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ०४-०७९/०५/३० | करार कर्मचारीको जेष्ठ र असारको तलब भुक्तानी | २०७८/७९ | २९१३९१२ |
| २१-०७९/०६/१३ | ईन्धनको रकम भुक्तानी | २०७८/७९ | ७५३६९१ |
| २२-०७९/०६/१३ | गाडि मर्मतको रकम भुक्तानी | २०७८/७९ | ४७११२९ |
| | जम्मा | | ४१३८७३२ |
| | | अनियमित भएको | ४१,३८,७३२ |

३५ **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण संझौता बमोजिम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा संझौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रातिशत पूर्व निर्धारित क्षेतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीसंँग २०८०।०२।३० सम्ममा स्टिल फेब्रिकेशन पार्टस् आपूर्ति गर्नेगरी निम्न अनुसार संझौता भएकोमा हाल सम्म (२०८०।०८।१५) आपूर्ति गरेको नदेखिनुका साथै म्याद थप पनि नभएको देखिएकोले नियमको उक्त व्यवस्था अनुसार रु.५३,७६८।- पूर्व निर्धारित क्षेतिपूर्ति असल गर्नुपर्ने रु..

| ठेक्का नं. | झो.पुलको नाम | संझौता रकम (मूअकर समेत) | असुल गर्नुपर्ने रु. | असुल भएको | बाँकी रकम |
|---|---|---|---|---|---|
| ०७९।८०।१ | पाडुला गोरेटो | १६४४६९२ | १०९१६१ | ८२५०० | २६६६१ |
| ०७९।८०।२ | नाड होम खोला | १६७४०१६ | १११२०७ | ८४००० | २७१०७ |
| | | | | असुल गर्नुपर्ने | ५३,७६८ |

३६ **गाउँसभाको निर्णय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत साझेदारीमा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि रु.१ करोड २० लाख एकमुष्ट राखि पालिकाको २०७९ माघ ११ मा भएको हिउँदे अधिवेशनबाट उक्त रकमबाट रु.३० लाख सडक सम्भार कार्यकर्तको पारिश्रमिक र पालिका गौरवका सडकका लागि छुट्याएइको रकम LISP कार्यक्रममा साझेदारी गर्ने, स्वयंसेवक शिक्षक परिचालनका लागि छुट्याएइको रु.५० लाखबाट रु.३७ लाख बाहेक पालिका शिक्षा योजना एवं सिम्ता बहुमुखी क्याम्पसलाई सञ्चालन अनुदान दिने गरी वजेट तथा कार्यक्रम संशोधन भएको देखियो । तर गाउँसभाको सो निर्णय कार्यान्वयन नगरी पुन २०८०।०१।१७ को कार्यपालिका निर्णय नं.२ अनुसार स्वयंसेवक शिक्षक परिचालनका लागि छुट्याएइको रु.३७ लाखबाट रु.२२ लाख ६० साझेदारीमा लगानी गर्न छुट्याएको रकमबाट विभिन्न १० खानेपानी तथा तटबन्धन योजनामा रकमान्तर संशोधन गरी लागत साझेदारीका लागि रु.९३ लाखमात्र कायम भएको छ । गाँउसभाको निर्णयलाई कार्यपालिकाले पालना गर्नु पर्नेमा अनुकूल योजनामा खर्च गर्ने निर्णय गरी कार्यान्वयन गरेको छ । कार्यपालिकाको सम्पूर्ण निर्णयउपर गाँउसभाको नियन्त्रण हुने भएता पनि पालिकाको महत्वपूर्ण निर्णयहरु दफावार छलफल नभई एकमुष्ट खर्च अनुमोदन

हुने परिपाटी भएबाट सभाबाट स्वीकृत वजेट कार्यपालिकाले पटके निर्णयबाट योजनाहरुमा खर्च भएबाट गाँउसभाको निर्णय नियमित देखिएन । सभाको निर्णय कार्यपालिकाले पालन गर्नुपर्दछ ।

३७ **सडक मर्मत** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३(ख) मा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएनुसार वास्तिवक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले वडाहरुमा सडक सरसफाई तथा मर्मत कार्य गराई पारिश्रमिक वापत रु.२९ लाख ७० हजार भुक्तानी गरेको छ । पालिकाले हालसम्म निर्माण गरेको सडक सम्बन्धमा अभिलेख तयार गरेको छैन साथै पालिकाले मर्मत कार्यका लागि भुक्तानी गरेको वडामा मर्मत कार्यको नापजाँच गरी प्रतिवेदन पेश गरेको देखिएन । सडक मर्मत कार्यको अभिलेख तयार गरी पेश गर्नुपर्दछ ।

| भौ. नं. | मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ६८ | ०२/०५/२०८० | वडा नं ७ र ९ मा सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी- | ६३१८००. |
| ८५ | ०२/१३/२०८० | वडा नं ३ र ४ को सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी | ८८०६८०. |
| ८६ | ०२/१४/२०८० | वडा नं ६ का कार्यरत सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी | ८४,२४०.०० |
| ८८ | ०२/१६/२०८० | सुपरभाईजरहरुको ज्याला वापतको रकमको भुक्तानी | २४१२००. |
| ८९ | ०२/१७/२०८० | वडा नं १ मा कार्यरत सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी | ५२६५००. |
| ९० | ०२/१७/२०८० | वडा नं २ मा कार्यरत सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी | २९४८४०. |
| ११९ | २०८०/०२/३० | वडा नं ८ मा कार्यरत सडक मर्मतकर्ताको पारीश्रमिक भुक्तानी | ३११०४०. |
| जम्मा | | | २९७०३००. |

३८ **विल भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७४ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले जनकल्याण माविलाई रु. १ लाख भुक्तानी दिएकोमा संलग्न कागजात अनुसार शिक्षक व्यवस्थापनको लागि भुक्तानी भएको उल्लेख छ । शिक्षकलाई भुक्तानी दिएको प्रमाण संलग्न नभएको साथै विकास निर्माणको लागि प्राप्त समानीकारणतर्फको रकम शिक्षकको तलव भत्ताको लागि खर्च गर्ने आधार देखिएन । त्यसैले उक्त भुक्तानी रकमको विल भरपाई संलग्न गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३९ **सहिद ऋषि स्मृति चक्रपथ** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद संझौता बमोजिम तोकिएको म्यादसम्म सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्वनिधारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाले ऋषि स्मृती चक्रपथ स्तरोन्नती योजनाका लागि रु.३५,०८,१५५/- मा मिति २०८०।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी पि.पि.ओ.टी निर्माण सेवासँग संझौता भएकोमा यस वर्ष १६,२२,१८१/- मात्र भुक्तानी गरेको पाईयो । संझौतामा उल्लेख भए बमोजिम बाँकी कार्य पूर्वनिर्धारित क्षतिपूर्ती सहित कार्यसम्पन्न गरिनु पर्दछ । साथै उक्त चक्रपथ आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन प्राप्त नभएको, विगत वर्षहरुमा उक्त योजनामा भएको प्रगतिको विवरण समेत प्राप्त नभएकोले चक्रपथ निर्माणको भौतिक तथा वित्तीय प्रगती उल्लेख गर्न सकिएन । योजनाको लक्ष्य अनुसारको प्रगति हाँसिल गर्नुपर्दछ ।

४० **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा बाध्यात्मक परिस्थिति आइपरेमा सम्झौता बमोजिम म्याद थपका लागि उचित पुष्ट्याइ सहित म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले उपयुक्त पुष्टयाइ वेगर २०८० बैशाख १३ गतेको कार्यपालिकाको निर्णयले देहायको ठेक्काहरुको म्याद २०८० पौष मसान्त सम्म थप गरिदिएको छ । गत आर्थिक वर्षको महालेखापरीक्षकको प्रतिवेदनमा नै उक्त निर्माण व्यवसायीहरुलाई कार्यसम्पादन जमानत जफत गरी कालो सूचीमा राख्न सिफारिस गर्नुपर्ने उल्लेख भएकोमा उक्त प्रतिवेदनको पालना नगरी म्याद थप भएपनि हालसम्म कार्य सम्पन्न हुने देखिएन । सम्झौता पालना नगर्ने तर पटक पटक गरी तोकिएको सीमा भन्दा बढी म्याद थप गर्ने कार्यपालिकालाई समेत जिम्मेवार बनाई आवश्यक प्रक्रिया पुरा गरी उक्त निर्माण कार्यहरु सम्पन्न गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | योजनाको नाम |
|---|---|---|
| ३-२०७७।७८ | हरी निर्माण सेवा | औद्योगिक ग्राम |
| ८-२०७७।७८ | गंगोत्री निर्माण सेवा | गोजी आली चोल्पा सडक निर्माण |
| ९-२०७७।७८ | पिपिओटी निर्माइ सेवा | बाखर्क देखि औल मार्गसम्म सक्षक निर्माण |

४१ **फिल्टर वितरण** -

***...........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.५,७१,०६४।- सम्परीक्षण गरिएको ।)***

४२ **वडा नं. ५ कार्यालय भवन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले वडा नं. ५ कार्यालय भवनको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.१५,०३,५००।० भुक्तानी दिएको छ ।

भवन निर्माण जस्तो प्राविधिक कार्य उपभोक्ता समितिलाई जिम्मा दिई निर्माण कार्य गराएको नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

४३ **संघीय समपुरक कोष** - समपुरक कोष संचालन सम्बन्धी कार्यविधी, २०७७ को दफा ६ मा स्थानीय तहलाई कूल लागतको अधिकतम पचास प्रतिशत रकम अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । समपुरक अनुदानबाट प्राप्त रकम वार्षिक कार्यक्रममा समावेश गरी सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शीरुपले खर्च गर्नुपर्ने व्यवस्था भएपनि संघीय सरकार समपुरक कोषबाट स्पष्ट रुपमा योजना नतोकिएको कारण पालिकाबाट बाँडफाँड गरी साना साना योजनामा खर्च गरेको छ । सिंचाइँ संरचना निर्माण तथा निर्माण सामाग्री लगायतमा कुल गरी रु.१,७४,६४,५०५।० खर्च गरेकोमा पालिकाले विभिन्न सिंचाई संरचना निर्माण र निर्माण सामाग्री खरिदमा एकमुष्ट रु.१ करोड ३० लाख कार्यक्रम स्वीकृत भएकोमा निम्न अनुसार १५ योजनाहरुमा टुक्रा पारी विभिन्न निर्माण व्यवसायीमार्फत रु.१,२३,३१,२३८। खर्च गरेको छ । कानूनले तोके बमोजिम योजना अनुसार खर्च गर्नुपर्नेमा अवण्डा वजेटबाट पुन विभिन्न प्याकेज वनाई एकमुष्ट रुपमा वजेट खर्च गर्दा खर्च पारदर्शी एवं मितव्ययी दखिएको छैन । वजेट निर्माणमा पारदर्शिता, खरिदमा प्रतिस्पर्धा हुनेगरी बजेट निर्माण तथा कार्यक्रम सञ्चालनमा सुधार गर्नुपर्दछ ।

| मिति | भौ. नं. | विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०३/१९/२०८० | ३५ | दारिमे सिचाई कुलोनिर्माण | भवानी कन्स्ट्रक्सन | २१५४३१ |
| ०३/२२/२०८० | ४० | डोवखोला सालघारी तामाचौर सिचाई कुलो निर्माण | जे.ए.के निर्माण सेवा | ६१४६७९ |
| ०३/२२/२०८० | ४२ | वडा नं ९ मा कोटकाँडासिँचाई कुलो निर्माण | श्री मल्लकन्स्ट्रक्सन कम्पनी | ९६१३९० |
| ०३/२२/२०८० | ४४ | समाधी सिँचाई कुलोनिर्माण | बविता निर्माणसेवा | २४२८८८ |
| ०३/२२/२०८० | ४७ | पुरन घरेली देखीमाथिल्लो जात्रे सिचाँई कुलो निर्माण | सक्षम निर्माण सेवा | ९६३२८३ |
| ०३/२३/२०८० | ५१ | वडा नं ९ का विभिन्नसिचाइ योजना | श्री शिद्द गुरुवानिर्माण सेवा | ९३९२६४ |
| ०३/२३/२०८० | ५४ | कुटी सिचाई ड्यामनिर्माण | तुल्सी कन्स्ट्रक्सन | १३४५६९१ |
| ०३/२४/२०८० | ५७ | वडा नं ४ का विभिन्नकुलोहरु निर्माण | तुल्सी कन्सट्रक्सन | ११२९४४३ |
| ०३/२४/२०८० | ५९ | घोरेरी कुलोनिर्माण | जेनिसा कन्स्ट्रक्सन | ९९४३०६ |
| ०३/२४/२०८० | ६१ | निदाउ सिचाँई कुलोनिर्माण | डि.बि. निर्माण सेवा | ७२८९५४ |
| ०३/२४/२०८० | ६२ | वडा नं ६ का विभिन्नसिँचाई कुलो निर्माण | वटाला निर्माण सेवा | ९६१२२२ |

| | | | | |
|---|---|---|---|---|
| ०३/२४/२०८० | ६५ | विभिन्न सिंचाई कुलोहरू निर्माण | उत्तर निर्माण सेवा | १२२४९६० |
| ०३/२४/२०८० | ६९ | दमेना लिफ्ट सिंचाईयोजना निर्माण | बर्षा निर्माण सेवा | ९६५९७२ |
| ०३/२४/२०८० | ७२ | वडा नं २ मा जामिरखोलाहुँदै केउरेनी कुलो निर्माण | श्री सिंह मालिकाकन्स्ट्रक्सन | ७२८२५५ |
| ०३/२४/२०८० | ७४ | भेदिचारा योजना | भेदिचारा तटवन्धननिर्माण उपभोक्ता समिति | ३१५५०० |
| | | जम्मा | | १२३३१२३८ |

४४ **अधुरो विद्यालय भवन** - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सूर्यज्योति मा.बि.,सुन्तोलाको चार कोठे र नेपाल राष्ट्रिय मा.वि.लापुलाई दुई कोठे भवन निर्माणका लागि कुल रु.६२ लाख २५ हजारको कार्य सम्पन्न भएको जनाई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । उक्त विद्यालयहरुको नापी किताव परीक्षण गर्दा सो विद्यालयहरुको प्लाष्टर, रङ्गरोगन तथा विद्युतीकरणको कार्य लगायत कक्षा कोठाको झ्याल ढोकाको काम बाँकी नै रहेको देखियो । विद्यालय निर्माणका लागि पुरा भवनको लागत अनुमान नगरी प्राप्त रकमबाट हुन सक्ने कामको मात्र लागत अनुमान तयार गरी सो अनुसार नै कार्य स्वीकार गरेबाट सो भवन प्रयोगमा आउन सक्ने देखिएन । सालबसाली स्वीकृत कार्यक्रम भएबाट सोही भवनका लागि वजेट निरन्तरता नभएमा स्रोत अभाव भई समयमा भवन उपयोग हुने अवस्था देखिएन । आवश्यक वजेट व्यवस्था गरी भवन निर्माण सम्पन्न गरी उक्त रकम सदुपयोग गर्नुपर्दछ।

४५ **बढी दरमा लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार स्वीकृत नर्म्स अनुसार दर बिश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पुरनघेरेली देखि माथिल्लो जाब्रो सिंचाइ योजनामा फर्माको दर बिश्लेषण गर्दा स्वीकृत नर्म्स भन्दा रु.१०७।१५ बढी दर कायम गरी मूल्य अभिबृद्धि करबाहेक रु.८,६०,६५८।१० भएकोमा कोटेशनबाट प्राप्त रु.८,५४,९१९।० को दर स्वीकृत गर्दा फर्मा वर्कसको बास्तविक मूल्य कायम हुँदा रु.३२,४०२।१६ बढी लागत कायम भएबाट लागत अनुमान भन्दा रु.२५,३०७।४५ बढीको सक्षम निर्माण सेवाको कोटेशन स्वीकृत भएको देखिएकोले नर्म्स पालना नगरी लागत अनुमान तयार गरी वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,३०७.४५ |

४६ **पाइपको नाप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा नापी किताबमा उल्लेख भए बमोजिमको भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले खोपी खेल्ने खानेपानी उपभोक्ता समितिलाई रु.४,६५,६००।- भुक्तानी गर्दा ४० एमएम एचडिपी पाईप २०० रनिङ्गमीटर खरिदको बील संलग्न गरेकोमा १०० रनिङ्गमीटरमात्र प्रयोग गरेको तर ३२ एमएमको २०० रनिङ्गमिटरमात्र खरिद भएकोमा थप ३५० रनिङ्गमिटर पाइपको खन्ने पुर्ने काम गरेको नापी देखाएबाट नाँपजाच यथार्थपरक मान्न सकिने अवस्था छैन । अत ४० एमएम एचडिपी पाईप १०० रनिङ्गमिटरको रु.१५ हजार प्रयोग

गर्न बाँकी रहेको तर ३२ एमएमको ३५० रनिङ्गमिटर पाइपको खन्ने पुर्ने कामको बढी परिमाण देखाएकोले गलत नापी गर्ने प्राविधिकलाई जिम्मेवार बनाई प्रति रनिङ्गमिटर रु.९५.३६ ले हुने रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८४० |

४७ **सिरिखोला सिचाई आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा विल भरपाई सहित लेखा राख्नुपपर्ने व्यवस्था छ । पालिकाले सिरिखोला सिचाई योजनाको संझौता वमोजिम उपभोक्ता समितिलाई बीमावापत रु.१०,०००।— र समितिको व्यवस्थापन खर्चवापत रु.३०,०००।० समेत रु.४०,०००।० भुक्तानीमा विल भरपाई तथा खर्चहरुको पुष्टयाई गर्ने कागजातहरु पेश भएको छैन । उक्त कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

४८ **काक्रेतारा सिँचाई योजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा विल भरपाई सहित लेखा राख्नुपपर्ने व्यवस्था छ । पालिकाले काक्रेतारा सिँचाई योजनाको संझौता वमोजिम उपभोक्ता समितिलाई बीमावापत रु.१०,०००।०, समितिको व्यवस्थापन खर्च रु.१०,०००।०, मेशिन औजार खरिद रु.३०,०००।०, र समेत रु.५०,०००।० भुक्तानीमा विल भरपाई तथा खर्चहरुको पुष्टयाई गर्ने कागजातहरु पेश भएको छैन । उक्त कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

४९ **पन्ध्र सैया अस्पताल** - नेपाल सरकारले एक स्थानीयतह एक अस्ताल नीति अनुसार घोषणा गरेको पन्ध्र सैया अस्पताल निर्माणका लागि मूल्य अभिवृद्धि कर र प्रोभिज्नल सम बाहेक रु.१२ करोड ३० लाखमा निर्माण व्यवसायी माउण्टेन-कविन्द्र-जेभीसंग सम्झौता भई छैठौ रनिङ्ग विलसम्म रु,१३ करोड ६७ लाख ८८ हजार भुक्तानी गरेको देखियो । भवन निर्माण सम्वन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार छन् :

४९.१ **भेरिएशन** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भई भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा आवश्यक प्रक्रिया पुरा गरी भेरीएशन जारी गर्न सकिने व्यवस्था छ । भवनको बिभिन्न आइटममा तोकिएभन्दा बढी परिमाणको निम्न अनुसार कार्यको भुक्तानी गरेपनि नियमानुसार भेरिएशन स्वीकृत गराएको नदेखिएकोले प्राविधिक पुष्टयाई सहित भेरिएशन नियमित भएको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | संझौता परिमाण | नापी परिमाण | भुक्तानी दिन मिल्ने परिमाण | भुक्तानी भएको परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | १४८२.९५ | ६३०० | १७७९.५४ | ४५२०.४६ | ७५ | ३३९०३४.५ |
| २ | ३०००.८२ | ६४५६.७ | ३६००.९८४ | २८५५.७१६ | २०० | ५७११४३.२ |
| ३ | ४१७.८७ | ७२०.९ | ५०१.४४४ | २१९.४५६ | २००० | ४३८९१२ |
| ४ | २७८५.७९ | ३५९६.४ | ३३४२.९४८ | २५३.४५२ | ७५० | १९००८९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २२३.११ | ६०५.६ | २६७.७३२ | ३३७.८६८ | १५००० | ५०६८०२० |
| ७ | ४७६.९८ | ७००.४ | ५७२.३७६ | १२८.०२४ | १२५०० | १६००३०० |
| ८ | १६४१.३३ | ४५१८.४ | १९६९.५९६ | २५४८.८०४ | २०० | ५०९७६०.८ |
| १३ | ६५९६.६३ | १०४०५ | ७९१५.९५६ | २४८९.०४४ | ३०० | ७४६७१३.२ |
| २३ | १००६०.६ | २५३५८.४ | १२०७२.७२ | १३२८५.६८ | २०० | २६५७१३६ |
| २७ | १४८२.६ | २१६३.७ | १७७९.१२ | ३८४.५८ | ६००० | २३०७४८० |
| जम्मा | | | | | | १४४२८५८८.७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,२८,५८८.७ |

४९.२ **अस्पताल सञ्चालन स्थल** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १४ अनुसार गठित समितिले नियम १५ को उपनियम (२) अनुसार सम्बन्धित निकायको कार्यक्षेत्रगत योजनासँग आवद्ध भएको, उच्च प्रतिफल प्राप्त हुने र खर्चमा मितव्ययी कायम हुने योजनाहरु प्रस्ताव गर्नुपर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । नेपाल सरकारले एकैपटक सबै स्थानीय तहमा १५ शैया अस्पताल निर्माण गर्ने घोणाका आधारमा निर्माण शुरु भएको उक्त अस्पतालमा भवन निर्माण कार्यमा मात्र झण्डै रु.१८ करोड खर्च हुने पालिकाको अनुमान छ भने स्वास्थ्य उपकरण लागयत अन्य पूर्वाधारमा सोही बमोजिम लगानी नगरी अस्पताल सेवा सञ्चालन सक्षम हुने देखिदैन । ग्रामिण भेगका जनतालाई पहुँच दिने पालिकाको उद्धेश्य भएपनि ग्रामिण बस्तिलाई उक्त अस्पताल पायक पर्ने देखिदैन । पालिकाबाट झण्डै दुईघण्टा भित्र मेहलकुना अस्पताल एवं बीरेन्द्रनगरमा सुविधा सम्पन्न प्रदेश अस्पताल रहेबाट विरामीको रोजाई उक्त अस्पताल हुने देखिदैन । भौगोलिक बिकटताका कारण दक्ष चिकित्सकलाई सो अस्पतालमा टिकाइराख्न चुनौतिपूर्ण देखिनु, यातायात तथा खानेपानी तथा विद्युतीकरणको पहुँच लगायत कारणबाट अस्पताल सञ्चालनका लागि उक्त स्थान उपयुक्त देखिदैन । योजना छनौट पूर्व गर्नुपर्ने पर्याप्त अध्ययन नभएबाट अस्पताल सञ्चालन तथा व्यवस्थापन चुनौतिपूर्ण देखिएको छ । पालिकाले अस्पताल सञ्चालनका सवल,दुर्वल, चुनौति तथा अवसर समेतको बिश्लेषणबाट अस्पतालमा हुने लगानीको औचित्यताका आधारमा उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

४९.३ **कन्टिन्जेन्सी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) अनुसारको अनुसूची १० मा व्यवस्था भएअनुसार वर्कस्टाफ चार्ज तथा सानातिना खर्चका लागि ४ प्रतिशतसम्म कन्टीन्जेन्सी कट्टा गरी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले सो व्यवस्था अनुसार कट्टा गर्न सकिने रकम मध्ये रु.२१,४२,०४५।८२ एकमुष्ट निकासा लिई सिधै पालिकाको विविध खातामा जम्मा गरेको देखिएकोले उक्त रकम सम्बन्धित योजनाको काममा खर्च भएको प्रमाण पेश नभएकोले संघीय सञ्चीत कोष दाखिला भएको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,४२,०४५.८२ |

४९.४ **कार्य सम्पादन जमानत** - निर्माण व्यवसायीसंग भएको संझौता अनुसार निर्माण कार्यको त्रृटी सच्याउने अबधि भन्दा १ महिना बढीको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । कुमारी बैक लिमिटेडबाट जारी भएको रु.१,२४,५६,७२३।- को कार्यसम्पादन जमानतको म्याद २० सेप्टेम्बर २०२३ रहेकोमा पालिकाले १४ जनवरी २०२४ सम्म म्याद थप गरेकोले उक्त कार्यसम्पादन जमानतले सम्झौता अनुसार अवधि पुरा भएको नदेखिएकोले थप म्याद समेत समेट्ने गरी कम्तिमा ११ फेब्रुअरी २०२५ सम्मको अवधि भएको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ ।

४९.५ **निर्माण प्रगति एवं भुक्तानी** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ ले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभएमा मनासिव कारणबाट खरिद संझौताको म्याद थप गर्नु परेमा आवश्यक प्रक्रिया पुऱ्याई म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले २०८०।०३।१५ सम्ममा निर्माण सम्पन्न गर्नेगरी २०७८।०३।०९ मा सम्झौता गरेकोमा निर्माण व्यवसायीले पेश गरेको कार्य तालिका अनुसार निर्माण कार्य भएता पनि आवस्यक वजेट व्यस्था नभएको कारण निर्माण कार्य अन्तिम चरणमा रहेपनि २०८०।०९।२९ सम्म म्याद थप गरेको देखियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा भएको व्यवस्था अनुसार बहुवर्षीय योजनाका लागि पर्याप्त नगद प्रबाहको व्यवस्था गरी निकासा फुकुवा नगरेका कारण निर्माण कार्यमा भएको प्रगति अनुसार भुक्तानी हुन सकेको देखिएन । साथै निर्माण कार्यको प्रोभिज्नल आइटमको भुक्तानी समेत नियमित नदेखिएबाट उक्त निर्माण कार्यको बिलभरपाई पुन रुजु गरी निर्माण प्रगति तथा भुक्तानी एकिन गरी समयमा निर्माण संझौता फरफारख गर्नुपर्दछ ।

४९.६ **बिमा —**

*..........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१४,५९,३७८।- सम्परीक्षण गरिएको ।)*

५० **आचारसंहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ को उपदफा (२) मा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी,जवाफदेही कार्य प्रक्रियाको अवलम्वन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने लगायत व्यहोरा समेतको आचारसंहिता बनाई लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो आचारसंहिता बनाई लागू गरेको छैन ।

५१ **युनिसेफतर्फ** - युनिसेफतर्फः पालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा युनिसेफ-नेपालबाट रु.१६,१८,५१०/- विविध कोषमा आम्दानी गरी खर्च गरेको छ ।

५२ **दोहोरो नाँप गरी बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुकतानी गर्दा सम्पन्न निर्माण कार्यको नापी कितावमा उल्लेखित परिमाणका आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले श्री सरस्वती माध्यमिक विद्यालय काँडा-९ को ४ कोठे भवन गतविगतमा अधुरो निर्माण गरी यसवर्ष थप कार्यको लागि रु. ४ लाख ८५ हजार भुक्तानी दिएकोमा गतवर्ष नै १२७ वर्गमीटरको प्लाष्टरको काम भइसकेको भुक्तानी गरेकोमा पुन यो वर्षको नापमा समेत समावेश गरी प्रतिवर्गमिटर रु.३७१।७९ का दरले रु.४७,२१७।३३ बढी भुक्तानी हुनेगरी दोहोरो नाप देखाएको छ । प्राविधिकबाट केहि भागको मात्र काम गरेकोले यसवर्ष थप भागमा पल्स्टर गरेको जवाफ प्राप्त भएपनि भवनको कुल नापी किताव तयार नगरेबाट बढी भुक्तानी

नभएको आधार देखिएन । भवनको कुल कामको एकमुष्ट नापजाँच गरी कुल भुक्तानीको नापी किताव तयार गरी बढी भुकतानी नभएको प्रमाण पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,२१७ |

५३ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम** - पालिकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँग लागत साझेदारीमा योजना संचालन हुनेगरी भएको संझौता अनुसार यस वर्ष रु. १,३८,९९,९९९।३३ खर्च गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

५३.१ जुगई खोला तटवन्धन निर्माणः संझौता अनुसार उपभोक्ता समितिले हेभी मेसिन प्रयोग गर्न नपाइने उल्लेख भएको समितिले प्राविधिकको सिफारिस वेगर हेभी मेसीन प्रयोग गरी रु. ३२९४५७/- भुक्तानी दिएको छ । उक्त भुक्तानी संझौता विपरित देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२९,४५७ |

५३.२ **बढी भुक्तानी** - ३३५।२०८०।३।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले संघीय शशर्त जलवायु उत्थानशील कार्यक्रम अन्तर्गत जुगईखोला तटबन्ध निर्माणको लागि विनियोजित बजेट रु ५० लाखको कार्यान्वयनको क्रममा कार्यसम्पन्न प्रतिवेदन र संलग्न विल भरपाईमा तपशिल बमोजिम ग्याविन जाली संख्या फरक परी जुगई खोला नियन्त्रण उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी दिनुपर्ने आधार प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र.स. | विवरण | कार्य सम्पन्न प्रतिवेदनमा नापी भएको | | संलग्न विल भरपाई ग्याविन जाली संख्या | बढी भुक्तानी संख्या ग्याविन जाली | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | परिमाण | परिमाण | |
| १ | ग्याविन जाली २X१X१ | १३५ | २६०८।०२ | ११५ | २० | ५२१६०।४० |
| २ | ग्याविन जाली २X१X०.५ | २६४ | २४६२।६८ | २३० | ३४ | ८३७३१।१२ |
| ३ | Rubble stone packing in gabin box (Per Cum rate) | ८०७ घ.मि. | ४३०१।४४ | ७३३ घ.मि. | ७४ घ.मि. | ३१८३०६।५६ |
| जम्मा | | | | | | ४५४१९८।०८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५४,१९८.०८ |

५३.३ **विल भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले संझौता वमोजिम उपभोक्ता समितिको व्यवस्थापन खर्च रु.३०,०००।— र बीमावापत रु.१०,०००।— समेत रु.४०,०००/- भुक्तानीमा विल भरपाई तथा खर्चहरुको पुष्ट्याई गर्ने कागजातहरु पेश भएको छैन । उक्त कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

५३.४ **कर्मचारी व्यवस्थापन** - कार्यक्रम र पालिका बीच भएको संझौता बमोजिम सामाजिक परिचालक राख्ने व्यवस्था छ । सोही अनुसार गगन सिङ ठकुरीलाई मिति २०७९ माघ १३ मा नियुक्ति गरी रु.४०,४९४।० भुक्तानी गरेको छ । पालिकाको अध्यक्ष तथा उपाध्यक्षको सचिवालय सहायक पदमा यस अघिनै नियुक्ती गरेको व्यक्ति पुनःकार्यक्रम तर्फ समेतको जिम्मेवारी दिई भुक्तानी दोहोरो देखिएकोले यस सम्बन्धमा पालिकाले एकिन गरी दोहोरो भुक्तानी भए नभएको प्रमाण पेश गर्नुपर्नेअन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,४९४ |

५३.५ **अनुगमन मूल्यांकन खर्च** - पालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम विचको संझौतामा लागत साझेदारीमा संचालन भएको कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन शीर्षकमा पालिकाको स्रोतबाट खर्च गर्ने उल्लेख गरेकोमा अनुगमन खर्च कार्यक्रमतर्फको स्रोतबाट रु.७६०४१।० भुक्तानी भएको छ । संझौतामा उल्लेख भए बमोजिम स्रोतबाट खर्च गरिनुपर्दछ ।

५४ **सुरक्षित नागरिक आवास कार्यक्रम** - जिल्लामा रहेका दलित तथा विपन्न परिबारको घर निर्माण गर्ने कार्यका लागि संघीय सरकारबाट सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत पालिका अन्तर्गत आर्थिक वर्ष २०७६।७७ मा सूचीकृत २३० बिपन्नलाई रु.५० हजारका दरले भुक्तानी गर्दै आएकोमा यस वर्ष ३१ घरधुरीलाई रु.५० हजार, २१ घरधुरीलाई रु.२० हजार र १ घरधुरीलाई रु.३० हजारका दरले रु.२० लाख खर्च लेखेको छ । भुक्तानी गर्न बाँकी रहेका ५२ घरधुरीले रकम नलिई वजेट फिर्ता भएको छ । प्रक्रिया पुरा गरी छनौट भएका लाभग्राही रकम लिन नआउनुको वास्तविक कारण पहिचान गरी लक्षित उद्धेश्य पुरा गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान तथा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न किसिमका बस्तु तथा सेवा खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई निर्माण सामाग्री, फर्निचर तथा फिक्चर्स, ल्यापटप प्रिन्टर जस्ता विघुतीय सामाग्री रु.१,००,६४,९६०।० को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं. | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ४१ | खानेपानीको मिटर खरिद | भवानी कन्स्ट्रक्सन | ६३५६५४ |
| ४२ | खानेपानीको पाइप खरिद | ओली कन्स्ट्रक्सन | ४२३२२४ |
| ४३ | खानेपानीको पाइप खरिद | आस्था निर्माण सेवा | ९८०२०३ |
| ७९-२०८०।१।२८ | खानेपानी योजनाहरुका लागि निर्माण सामाग्री खरिद | मालिका कन्स्ट्रक्सन | ५९४६३७ |
| १९६-२०८०।३।१९ | पाइप तथा पानीको मिटर खरिद | एस के टी सप्लायर्स | ४७७३८९ |
| ४९-२०७९।११।१६ | ल्यापटप प्रिन्टर लगायत विद्युतीय सामाग्री खरिद | कोहलपुर डिजिटल हव प्राली | ९३५३४३ |
| ३३-२०७९।११।१५ | ल्यापटप प्रिन्टर लगायत विद्युतीय सामाग्री खरिद | युनिक कम्प्युटर्स | ९,९९,४८५ |
| ३१-२०७९।११।१५ | ल्यापटप प्रिन्टर लगायत विद्युतीय सामाग्री खरिद | साझा कम्प्युटर | २१७४८० |
| ९४-२०८०।२।२३ | फर्निचर तथा डेकोरेशनका सामाग्री खरिद | श्रीया इन्टेरियर इण्डस्ट्रिज प्रा.ली. | ७५८२८६ |
| ३२-२०७९।११।१५ | फर्निचर तथा फिक्चर्स | अम्वे फर्निसिङ्ग गार्डेन | ९९९०८९. |
| ५३-२०८०।०१।२४ | फर्निचर तथा फिक्चर्स | ग्रेसी ग्रिल उद्योग | १०५००५. |
| ७३-२०८०।०२।१० | फर्निचर तथा फिक्चर्स | ओम फर्निचर उद्योग | २३७८६५. |
| १९८-२०८०/०३/१९ | फिल्टर खरीद | भण्डारी स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स | ९०३१०८ |
| ३४-२०७९।११।१६ | गाउँ पालिका सडक सरसफाई | नेचुलर कन्स्ट्रक्सन | ४८०६५६ |
| ३५-२०७९।११।१६ | वडा नं. ७ का विभिन्न सहायक सडकहरु मर्मत तथा सरसफाई | कुमार कन्स्ट्रक्सन सेवा | ३५४८६० |
| ३६-२०७९।११।१६ | सडक मर्मत | दिल निर्माण सेवा | ९६२६७६ |
| | जम्मा | | १००६४९६० |

५६ **कृषि तथा पशु उद्यमशिलता विकास परियोजना**- सिम्ता गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल बीचमा गरिवी निवारणका लागि दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशीलता र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले मिति २०७८ मंसिर २६ गते गाउँपालिकाको ७० प्रतिशत तथा हेफर प्रोजेक्टबाट ३० प्रतिशत लागत साझेदारीमा रु.३ करोड २० लाखमा संझौता भई सम्झौता अवधिसम्म पालिकाबाट रु.९४,१०,३७५/- खर्च भएको छ । संझौता अवधिसम्म कार्यक्रमको प्रगति ३८.२२ प्रतिशत मात्र भएकोले कार्यक्रमको प्रगति न्यून देखिएको छ । पालिकाको खर्च बमोजिम साझेदार संस्थाको

रु.२८,२३,३११/- भएको विवरण पेश भएको छैन । सम्झौता बमोजिम लागत साझेदारी गरी समयमा निर्माण सम्पन्न गर्नुपर्दछ ।

५७ **भू-उपयोग नीति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्श दाताले गर्नुपर्ने कामको पृष्ठभुमी, उद्धेश्य, कार्यक्षेत्र र सम्पादन गर्ने काम लगायतका कार्यक्षेत्रगत शर्त तयार गरेरमात्र सेवा खरिद गर्नु पर्ने व्यवस्था छ ।पालिकामा रहेको जग्गा जमिनको उपयोग गर्ने गराउने प्रयोजनका लागि नीति तय गर्न परामर्श सेवा खरिदका लागि सेफ इन्जिनियरिङ्ग कन्सल्टेण्ट प्रा.लिसँग रु.१४,९८,४४७।८० मा सम्झौता गरी भू-उपयोग नीति तयार परेकोमा उक्त नीति व्यापारिक, आवासीय, उद्योग धन्दा गर्ने स्थान, मनोरञ्जन स्थल लगायत स्थान विशेष कामका लागि क्षेत्र निर्धारण गर्ने स्पष्ट कार्यस्थल तथा विकास योजना समावेश गरेको देखिएन । स्पष्ट कार्यक्षेत्र शर्त तयार नगरी बिशेषज्ञताका आधारमा उक्त नीति तयार नभएबाट सो खर्चको उपयोगिता हुने अवस्था छैन । उक्त नीति पालिकाले अनुमोदन तथा त्यसमा समावेश भएका सुभावहरु कार्यान्वयन गर्नका लागि प्रयास भएको छैन । पालिकाबाट खर्च गरी निर्माण गरेको नीति कार्यान्वयन गर्नुपर्दछ ।

५८ **उपभोक्ता समितिको कार्य सवकन्ट्रयाक्टरबाट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्रयाक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । पालिकाका निम्नानुसारको उपभोक्ता समितिले पाएको निर्माण कार्य सवकन्ट्रयाक्टरबाट गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| क्र.स. | उपभोक्ता समितिको नाम | पालिकाबाट भुक्तानी रकम | निर्माण व्यवसायिको नाम | निर्माण व्यवसायिलाई भुक्तानी भ |
|---|---|---|---|---|
| १ | रिठाबोटे माझगाउँ पिपलचौतारा देखि कोइरालचौर सम्म सडक निर्माण उ.स. | ३१७१९० | सापकोटा निर्माण सेवा | ३८०३१४ |
| २ | डोटीको घरदेखि पुस्कर बुढाको घर सम्म सडक निर्माण उपभोक्ता समिति | १०१३६५ | सापकोटा निर्माण सेवा | १२७७४० |
| ३ | मदनचोक देखि उत्तरदक्षिण सडक स्तरोन्नती उपभोक्ता समिति | १९४००० | मल्ल कन्स्ट्रक्सन कम्पनी | १७६८८० |
| ४ | दया डाँडा देखि भयलटाकुरा सडक निर्माण उपभोक्ता समिति | ९७००० | विशुहरी निर्माण सेवा | ११३२३९ |
| ५ | नाउला तल्लोमुल देखि खान्मा विद्यालय जोड्ने सडक निर्माण उपभोक्ता समिति | १४५५०० | मल्ल कन्स्ट्रक्सन कम्पनी | १७०११० |

| | | | | |
|---|---|---|---|---|
| ६ | टाटेबडीगाड सडक निर्माण उपभोक्ता समिति | ३३०५७६ | गोकुल निर्माण सेवा | ३८५१०४ |
| ७ | माईका दर्का देखि पानीगैरी कृषिसडक निर्माण उपभोक्ता समिति | १८४३०० | सापकोटा निर्माण सेवा | १९२०३८ |
| | जम्मा | १३६९९३१ | | १५४५४१२ |

| | |
|---|---|
| अनियमित भएको | १५,४५,४१२ |

५९ **भवन निर्माण अधुरो** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३(ख) मा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएनुसार वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले श्री बागेश्वरी माविको अपुरो भवन निर्माण गरी यस वर्ष रु.१२,०९,६००।— भुक्तानी गरेको छ । विगतमा सो भवनको भुक्तानी तथा कार्य भएको नाप खुल्ने विवरण पेश भएको छैन । वितगमा भएका काम यकिन नगरी हालको भुक्तानी यकिन गर्न नसकिएकोले उक्त विद्यालयको विगत वर्षको भुक्तानी सहितको प्राविधिक विवरण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०९,६०० |

६० **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद संझौता बमोजिम तोकिएको म्यादसम्म सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई संझौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको योजनाहरुमा संझौता मिति भन्दा ढिला गरी कार्य सम्पादन गरेकोले उक्त निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल उपर गर्नुपर्ने रु.

| कार्यको विवरण | निर्माण व्यवसायी | संझौता रकम | भुक्तानी रकम | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम म्याद | विल पेश मिति | पूर्व निर्धारित क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|
| ५ नं. वडा कार्यालय भवन निर्माण | गंगोत्रीदेवी निर्माण सेवा | ३२८६९९० | ३१०१४२१ | २०७८।९।३० | २०७९।४।९ | ३०४०४७ |
| स्वास्थ्य भवन वडा नं. ६ | पशुपति कन्स्ट्रक्शन | ३२४७०८३ | २९९६०४१ | २०७८।३।१५ | २०७९।३।१७ | ३२०७०८ |
| जम्मा | | | | | | ६२४७५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२४,७५५ |

६१ **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधि भन्दा कमको रहेको देखियो । निर्माण

व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा कार्य सम्पादन जमानतमार्फत जिम्मेवार वनाउन नियमानुसार अवधि तोकि जमानत नलिने पदाधिकारीलाई जिम्मेवार बनाई जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्दछ ।

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | काम समाप्त गर्नुपर्ने मिति | म्याद सकिने मिति | म्यादकायम हुनुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| ४-०७९।८० | जिवनज्योती मावि भवन निर्माण | पशुपति कन्स्ट्रक्शन | ८४०७५६ | २०८०।३।३० | २०८०।४।३० | २०८१।४।३० |
| ८-०७९।८० | देउकाँड पाल्त कुलो निर्माण | श्री निभृत्ती निर्माण सेवा | ९१६९५ | २०८०।३।२५ | २०८०।४।३० | २०८१।४।२५ |
| ११-०७९।८० | विभिन्न सिचाइकुलो मर्मत | तुल्सी कन्स्ट्रक्न | १०२७७० | २०८०।३।१५ | २०८०।४।३० | २०८१।४।१५ |
| ५-०७९।८० | बाँखर्क सालघारी सडक निर्माण | नेचुरल कन्स्ट्रक्सन | २५०००० | २०८०।३।१५ | २०८०।४।२१ | २०८१।४।२१ |
| | सिचाई कुलो निर्माण | तुल्सी कन्स्ट्रक्सन | ७६६१७ | २०८०।३।१५ | २०८०।४।३० | २०८१।४।३० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६१,८३८ |

६२ **पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.९३,१३,४४३/- सुविधा वापत भुक्तानी भएको छ ।

६३ **बैठक भत्ता** - अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ ।पालिकाले रु.५,१००/- रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६३.१ | मनोज कुमार टेर | ५,१०० |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु.५४,४००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०० |

६४ **कार्यसम्पादन मूल्याङ्कन –**

*...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु.२५,५००।- सम्परीक्षण गरिएको ।)*

६५ **लकबुक बेगर इन्धन** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न सवारी साधनको ईन्धन वापत खर्च रु.२६,२२,४७९।- लेखेकोमा सवारी साधन प्रयोगको प्रयोजन पुष्टयाई वेगर सवारी साधनको प्रयोगमा लकबुक नराखेको हुंदा ईन्धन खर्चको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नरहेकोले मितव्ययी तरिकाले कार्यालय सञ्चालन लगायतका खर्च गर्नुपर्दछ ।

६६ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६७ **शीर्षक फरक पारी खर्च लेखेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी छ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट शीर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं र मिती | विवरण | खर्च लेखेको शिर्षक | लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १२०- २०७९/०९/०६ | करार तलब | पारीश्रमिक | करार सेवा शुल्क | ४०७०३९ |

| | | | | |
|---|---|---|---|---|
| १२१- २०७९/०९/०६ | करार तलब | पारीश्रमिक | करार सेवा शुल्क | ४०७०३९ |
| ४०३-०८०/०२/१४ | करार तलब | पोशाक | करार सेवा शुल्क | ३५०००० |
| | | | जम्मा | ११६४०७८ |

| | |
|---|---|
| अनियमित भएको | ११,६४,०७८ |

६८ **कर्मचारी प्रोत्साहन भत्ता**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कार्यापालिकाको २०८०।०३।२१ को निर्णय अनुसार पालिकाको आर्थिक वर्ष २०७९/८० को समिक्षा तथा आर्थिक वर्ष २०८०।८१ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा र सभा सञ्चालन तथा व्यवस्थापनको अघि र पछिको अतिरिक्त समयमा खटिई कार्य गर्ने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी तोकेको कम्तिमा ५ जना कर्मचारीलाई प्रोत्साहन स्वरुप खाईपाई आएको सुरु तलब स्केल बराबरको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरेकोमा अतिरिक्त समय कार्य गरेको खुल्ने विवरण उल्लेख नगरी ६ जना कर्मचारीलाई रु.२,१३,६८९/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको यस्तो खर्च गर्दा आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिममात्र खर्च लेख्नुपर्दछ ।

६९ **तालिम कार्यक्रम सञ्चालन** - तालिम, गोष्टी, सेमिनार लगायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ । पालिकाले स्वास्थ्यतर्फको उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्यौंट गर्ने गरेको छ । कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

७० **सवारी भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष गाडी भाडा वापत दैनिक सम्झौता गरी रु.१०,४५,८२८।- खर्च गरेको छ । गाडी भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने आधार

पेश भएन । पालिकामा २ वटा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुँदाहुँदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नपर्ने आधार स्पष्ट हुने प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १०,४५,८२८ |

७१ **विज्ञापन** - विज्ञापन(नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिस्प्रर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.१६,९९,५८०/- खर्च गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट विज्ञापन आव्हान गरी जिल्ला भित्रका पालिका गुर्भाकोट र बीरेन्द्रनगर नगरपालिकाले क्रमशः ९३ र ८५ प्रतिशत घटीमा सूचना प्रकाशन गरेको देखिन्छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

७२ **होटल बास** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ मा पदाधिकारीलाई भ्रमणको समयमा होटल बास बापत कुनै पनि सुविधा दिने व्यवस्था छैन। पालिकाले अध्यक्ष ऐन बहादुर चन्दलाई विभिन्न कामको शिलसिलामा वीरेन्द्रनगर सुर्खेत जाँदा आउँदा खर्च भएको जनाई रु.३७,४८४।- कानून विपरीत भुक्तानी गरेको छ । उक्त भुक्तानी रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४८४ |

७३ **आन्तरीक लेखापरीक्षण** - स्थानीय सरकार संञ्चालन ऐन, २०७४,को दफा ७७(२)मा स्थानीय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७(३) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको नदेखिएको निम्न अनुसार व्यहोरा कायम गरिएको छ ।

७३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ५१ (१) पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरका दरले व्याज असुल गर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मलेप प्रतिवेदनमा औंल्याइएको नमुना समाजको पेश्की बेरुजु रु.१८ लाख असुल भई मिति २०७९।०२।१७ मा फछ्यौट भएकोमा पेश्की रकमको व्याज असुल नगरेकोले राजस्व जम्मा भएको मितीसम्मको व्याज हिसाव गरी असुल गर्नु पर्दछ ।

७३.२ उपभोक्ता समितिमार्फत वडा नं. ५ को कार्यालय भवनको लागत अनुमान अनुसार रु.१५,५९,७९०/- भएतापनि निर्माण सम्पन्न भएपछि पुन संशोधन गरी रु.१८,२४,७९६/- बनाइएको पाइयो । उपभोक्ता समितिलाई दिएको काममा भेरिएशन गर्ने आधार प्रमाण नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५५,००६ |

७३.३ पशुपति कन्स्ट्रक्सन एण्ड सप्लायर्स भेरी नगरपालिका-३, जाजरकोटलाई निर्माण कार्यको भुक्तानी खर्च जनाईएकोमा मूल्य अभिबृद्धि कर कट्टी रु १,१६.८४६। धरौटी ५ प्रतिशत रु १s४९s८०२।० र बढि रकम भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६१,७५९ |

७३.४ पालिकाले देहायको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएको देखिएको छ । समितिले निर्माण व्यवसायी मार्फत कार्य गराएको अनियमित देखिएको रु.

| निर्माण उपभोक्ता समितिको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|
| लुकइ घडेरी माझखावे सडक निर्माण उ.स | सापकोटा निमांण सेवा | ३३९२७६ |
| औलगान्द्रा जडाखर्क सडक निर्माण उस | किसान बिल्डस | ५६४९१३ |
| मिलनचोक तल्लो बगर मसानघाट सडक निमांण उस | विशु हरि निमाण सेवा | १५०००० |
| दह देखि दुनी सडक मर्मत उस | मल्ल कन्स्ट्रक्सन कम्पनी | १८८४१८ |
| तामा पतेनी तोरीबारी सडक निर्माण योजना उस | गोकुल निर्माण सेवा | १६९६६१ |
| गांकडा कोष सडक योजना उस | मल्न कन्स्ट्रक्सन | १६९४७६ |
| विद्यालय देखि जाल्मी टोल नया सडक निर्माण उस | पिपिओटी निमाण सेवा | १००३१६ |
| डोटीको घर देखि पुस्कर बुढाको घर सम्म सडक निर्माण उस | सापकोटा निर्माण सेवा | १२७७४० |
| लामाडाँडा शाहीटोल पाल्त हुदै नाइकटोल सडक निर्माण उस | ममता निमांण सेवा | २६४३४९ |
| | जम्मा | २०७४१४९ |

| | |
|---|---|
| अनियमित भएको | २०,७४,१४९ |

७४ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९,८०,०६१।- खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

७५ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम ) बमोजिम पोषण कार्यक्रमहरुको समिक्षा गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङकन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरि समेटिएका छैनन् वा न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ।पालिकाले

यसवर्ष पोषण संवेदनशील विभिन्न कार्यक्रममा रु.४ लाख ८४ हजार खर्च गरेकोमा पोषण सम्बन्धी कार्ययोजना बेगर खर्च गरेको छ। अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ।

७६ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा पालिकाको बजेटबाट शिलबन्दी मार्फत रु.२९,८०,७४०।- र सोझै खरिद मार्फत् कार्यक्रमबाट रु.१९,२२,९२४।— गरी जम्मा रु. ४९,०३,६६४।- र संघीय सशर्तको सोझै खरिद मार्फत् रु. ३०,५३,६५७।— समेत गरी कुल रु. ७९,५७,३२१।- को औषधि खरिद गरेको छ। त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख भएकोमा झरना मेडिसिन सप्लायर्स र के डी फर्माबाट फरक मितिमा पटक पटक गरी रु.१८,२२,२१३/- समेत विभिन्न फर्मबाट गरी रु.४९,७६,५८१।- को औषधि सोझै खरिद गरेको नियमसम्मत देखिएन । अतः पालिकाले एक आर्थिक वर्षमा के कति औषधि आवश्यक पर्ने हो सो को एकीन गरी स्पष्ट कार्ययोजना बनाएर मात्र खरिद गर्नुपर्दछ।

| भौ नं | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| २०५।०८०।०१।२९ | झरना मेडिसिन सप्लायर्स | १४०१६० |
| १८।०८०।०१।१९ | झरना मेडिसिन सप्लायर्स | २९९१०० |
| १२।०७९।१०।२४ | झरना मेडिसिन सप्लायर्स | ५६०९८७ |
| | झरना मेडिसिन सप्लायर्स | १३७००० |
| २२६।०८०।०२।१४ | के डी फर्मा | २७६०१६ |
| ३२७।०८०।०३।१४ | के डी फर्मा | ४०८९५० |
| २४२।०८०।०२।२२ | सुर्खेत सर्जिकल एण्ड मेडिकल | ६३३६२ |
| ३२५।०८०।०३।१४ | न्यु आयुष सर्जिकल | ९४५५२९ |
| ३३३।०८०।०२।२२ | प्रमोसन मेडिसिन डिष्ट्रिब्युटर्स | १७५५०० |
| ३७४।०८०।०३।२२ | आषिस फार्मेसी एण्ड मनिराम डिष्ट्रिव्युटर्स | ५०००० |
| २।०७९।०६।१२ | के डी फर्मा | २९८०७४० |
| २२८।०८०।०२।१६ | प्रमोसन मेडिसिन डिष्ट्रिव्युटर्स | ९९४१४० |

| | |
|---|---|
| अनियमित भएको | ४९,०३,६६४ |

७७ **स्वास्थ्य सम्बन्धी गोष्ठी, भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा (२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले चालु खर्चबाट स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम तालिम, गोष्ठी, तथा फिल्ड भत्ता शिर्षकबाट रु.८ लाख ६ हजार खर्च लेखेको पाईयो। यस्ता प्रकारको खर्च प्रतिफल बढि हुने क्षेत्रमा मितव्ययी तवरले गर्नुपर्दछ ।

७८ **न्यानो झोला कार्यक्रम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार आवश्यकता यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोला खरिद वितरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.८९७/- दरमा ५५६ थानको रु.४,९९,२८८/- को न्यानो झोला खरिद गरेकोमा यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा २८८ जना प्रसुति भएको अभिलेखबाट देखिएकोले खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय खरिद कार्य गर्नुपर्दछ ।

७९ **औषधि खरिद व्यवस्था** - औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एवमं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ ।पालिकाले उक्त कार्य नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउँदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८० **पकेट क्षेत्रको अनुगमन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष मकै बाली निरन्तरताको लागि रु. ५,००,०००/- , बाख्रा पकेट निरन्तरताका लागि रु.१४,८०१३५/- गरी यस वर्ष जम्मा रु.१९,८०,१३५/- अनुदान बितरण गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी आत्मनिर्भरता हासिल गर्ने तथा अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८१ **योजना/बजेट कार्यान्वयन** - योजना तर्जुमा एवं छनौट गर्दा प्रतिफल प्राप्त हुने क्षेत्रमा स्थानीयको माग र आवश्यकताको आधारमा बजेट विनियोजन गरिनुपर्ने व्यवस्था रहेको छ। संघीय शशर्त कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा नयाँ तरकारीवाली पकेट विकास कार्यक्रम सञ्चालनका लागि रु.१२ लाख बजेट निकासा भएकोमा यस आर्थिक वर्षमा उक्त कार्यक्रम सञ्चालन नभएको पाइयो। अत योजना तथा कार्यक्रमको लागि जनताको माग र आवश्यकताको आधारमा कार्यान्वयन योग्य योजना छनौट गरी विनियोजित वजेट प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।

८२ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि कार्यक्रम अन्तर्गत आलु उत्पादन समुहलाई रु.४,३०,९१२/- अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८३ **उत्पादन सामान** - गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने र दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा अपाङ्गता भएका उद्यमी बाहेक अन्य उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा उपलब्ध गराउने प्रविधिको कुल लागतको बीस प्रतिशत रकम उद्यमीले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रममा रु.१९,७४,६००।— खर्च भएको छ । वस्तु तथा सामान उत्पादन हुने सिलाई बुनाई उत्पादन तालिम सञ्चालनमा रु.१,६०,२४५/- खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन । पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ ।

८४ **प्रविधि हस्तान्तरण कार्यक्रम** -(३९२-२०८०-३-२४)गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका, २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२) मा उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने, उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यमीहरुलाई आवश्यक सामाग्री सिम्फोलिक प्लाष्टिक रु.१,६८,०००।-, थोपा सिँचाई रु.६३,०००।— मल्पिङ प्लाष्टिक रु.२४०,००।— र हजारी रु.८,४००/- गरी जम्मा रु.,२,६३,४००।- भुक्तानी गरेकोमा निर्देशिकामा उल्लेख भए अनुसार २० प्रतिशत रकम रु.५२,६८०/- लागत साझेदारी प्राप्त भएको नदेखिएकोले सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,६८० |

८५ **विद्यालयगत निकासा खाता** - विधालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसबाट निकासाका रुपमा जाने तलब,, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन । अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

८६ **विद्यालयमा इन्टरनेटबापतको निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) खण्ड १ को १.२ कार्यक्रम कार्यान्वयन मार्गदर्शनको बुँदा नं ४ मा स्थानीय तहले शशर्त अनुदानबाट विद्यालयमा हुने क्रियाकलापगत बजेट विद्यालयबाट आवश्यक विवरण लिई खातामा निकासा दिने एवम् सोको खर्चको फाँटवारी/विल भरपाई विद्यालयमा प्रमाणित गरी अभिलेख राख्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले बिल भरपाई वेगर इन्टरनेट बापत निम्न १० वटा विद्यालयलाई प्रति विद्यालय रु.१२,०००।— का दरले रु.१,२०,०००।- निकासा दिएको देखियो । पालिकाका सबै विद्यालयमा इन्टरनेट जडान नभइसकेको अवस्थामा खर्च पुष्टी हुने आवश्यक कागजात इन्टरनेट जडान तथा सेवा शुल्क भुक्तानी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.२४,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

८७ **विद्यालयमा प्रोत्साहन अनुदान**- कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ । विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट तपशिलका विद्यालयलाई रु.१५,५०,०००/- अनुदान उपलब्ध गराएकोमा विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याकन गरेको देखिएन । अनुदान रकम प्रभावकारी सदुपयोग गर्नु पर्दछ ।

| क.सं. | अनुदानको प्रकार | विद्यालय | अनुदान रकम रु |
|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय खान्मा, सुर्खेत | ५००००।०० |
| २ | | श्री सरस्वती माध्यमिक विद्यालय, काँडासिम्ता | ५००००।०० |
| ३ | | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, खेल्नेचौर | ५००००।०० |
| ४ | | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, साहुखोला | ५००००।०० |
| ५ | | श्री भानु माध्यमिक विद्यालय, बजेडीचचौर | ५००००।०० |
| ६ | पुस्तकालय निर्माण अनुदान | श्री जनकल्याण माध्यमिक विद्यालय, | ६५००००।०० |
| ७ | विज्ञान प्रयोगशाला | श्री हिमालय माध्यमिक विद्यालय | ६५००००।०० |

| | |
|---|---|
| जम्मा | १५५००००।०० |

८८ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ६० वटा सामुदायिक विद्यालयहरुमा २५५ जनाको दरवन्दी रहेकोमा स्थायी, १४९ जना अस्थायी, १०६ जना करार गरी ६१० शिक्षक रहेकोमा विद्यार्थीको संख्या ७२०७ जना रहेको देखिन्छ ।विद्यार्थी संख्याको तुलनामा शिक्षकको संख्या अत्याधिक देखिएकोले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।

८९ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२२,६०,०००/- तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । विकास निर्माणको लागि प्राप्त भएको अनुदान रकम सोही प्रयोजनामा खर्च गर्नुपर्दछ ।

९० **प्रारम्भिक बाल विकास र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान** - कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९/८० मा स्थानिय तहले प्रारम्भिक बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरुको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकाले तोकेको न्युनतम पारिश्रमिकमा उल्लेख रकममा नपुग रकम थप गर्न आवस्यक व्यवस्था स्थानिय तहले मिलाउने उल्लेख छ । पालिकाले प्रारम्भिक बाल विकास शिक्षकलाई रु.७,०००/-, विद्यालय सहायक कर्मचारीलाई रु.५,०००/- र विद्यालय सहयोगिलाई रु. ७,०००/- का दरले थप रकम उपलब्ध गराएको छ । पालिकाले नपुग रकम थपको लागि रु.१,२०,४५,०००/- वित्तिय समानिकरण अनुदानबाट खर्च लेखेको छ । पालिकाको समानिकरण अनुदानबाट अनुदानबाट तलब भत्ता लेख्दा पालिकाको विकास निर्माणमा असर पर्ने देखिएकोले आवश्कता यकिन गरेरमात्र अनुदान दिनुपर्दछ ।

९१ **क्याम्पसलाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दपा ११(ज) मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ । पालिकाले यस वर्ष सिम्ता क्याम्पसलाई अनुदान रु. ५ लाख विनियोजन गरी निकासा दिएको छ । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन साथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धमा सम्बन्धित क्याम्पससँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धी कानूनी व्यवस्था नभएको अवस्थामा शर्त वेगर अनुदान दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

९२ **विद्यालयको लेखापरीक्षण** - प्रत्येक सार्वजनिक निकायले वर्षको समाप्ति पश्चात अन्तिम लेखा परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ।गत आर्थिक वर्ष मा ६० वटा विद्यालय मध्ये कुनै पनि विद्यालयले लेखा परीक्षण गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ।

९३ **IEMIS को तथ्याङ्क** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७९/०८०) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा, छात्रवृति एवम पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमनगरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्नेमा सोको यथार्थता भिडान गरेको देखिएन। अत पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ।

९४ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १,८४३ जना रहेकोमा पालिकाले संघीय शशर्तबाट ३९,०४० थान स्यानिटरी प्याड रु.१८,७४,०१३।७० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ।सेनिटरी प्याड कार्यविधि बमोजिम यसको गुणस्तर पर्याप्त भए नभएको , सुरक्षित तवरवाट भण्डारण भए नभएको , छात्राहरुको आवश्यकता अनुसार वितरण भए / नभएको ,महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी दिए/ नदिएको, कुनै प्रष्ट आधार भएको देखिदैन । साथै कुन विद्यालयमा के कति मात्रामा प्याड वितरण भएको हो त्यसको भरपाई, वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो रहेको छ फोटा सहितको अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन । सेनिटरी प्याड कार्यविधि वितरण तथा व्यवस्थापनमा भए बमोजिम कार्य गर्नु पर्दछ ।

९५ **छोरी वचत खाता** - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।— दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष(२०७६।७७ देखि ०७०।८० सम्म) जम्मा ४५२ छोरी वच्चा जन्मदर्ता गरी बैंक खाताका लागि सिफारिस भएकोमा आर्थिक वर्ष २०७९।०८० सम्म खातामा पठाउनु पर्ने रकम मध्ये रु.४२ लाख ५ हजार मात्र भुक्तानी भएकोमा यसवर्ष कुनै रकम भुक्तानी हुन सकेको छैन । यस वर्ष बच्चाका लागि खाता सिफारिस गरे पनि वजेट व्यवस्था भइ नआएकोले रकम बैकमा जम्मा गर्न सकेको देखिएन ।प्रदेश सरकारले महत्वकाक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णयमा पुनर्बिचार गर्नु पर्दछ ।

९६ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि भएका बेरोजषारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्याला बापत बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले छनोट गरेको २६ वटा कार्यक्रम सञ्चालनमा रु.७८,११,४६४।- खर्च गरेको

छ । अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था भएपनि पालिका अन्तर्गत छनौट भएका योजनामा अधिकतम ९९ दिन र न्यूनतम ६३ दिनमात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति १९२४ मध्ये ६३ जनाले पनि सय दिनको रोजगार प्राप्त गरेको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सूचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

९७ **मुख्यमन्त्री रोजगार कार्यक्रम**- कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका ९ वटा कार्यक्रममा रु. १,२४,२४,८६३।- खर्च भएको छ । सूचीकृत भएका व्यक्ति १९२४ मध्ये ९ वटा कार्यक्रम सम्पन्न गर्न सूचीकृत भएका १९५ जना श्रमिकले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सूचीकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९८ **सामाजिक सुरक्षा**

९८.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु. १०,२४,५६,४४०।-बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाएको छ ।

९८.२ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयावधि भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन । तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

# अनुसूचीहरू

अनुसूची - १

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थान**: सिम्ता गाउँपालिका, सुर्खेत ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भलाराम पंगाली | २०८०-१-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | याम लाल पौडेल | २०७९-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,४३४,९१०.४५ | १५,४७१,८६३ | २३,१८१,९१६.६ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ४२,०८८,६९०.०५ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | २,१३४,३४२ |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ३९,९५४,३४८.०५ |

**स्थानीय तह :**

| गत बर्षको जिम्मेवारी | | | ६९१२६८३७.५४ |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३९७१८००० | चालु खर्च | ४४६७६७८५४.२१ |
| प्रदेश सरकारबाट अनुदान | ४९२०५०८६ | पूँजीगत खर्च | १४९३३३३७६.०९ |
| राजश्व बाँडफाँट | ८४८७४१८३.१६ | वित्तीय/अन्य व्यवस्था | १८९१७३८९१.५८ |
| आन्तरिक आय | ८७५४२०१.१४ | | |
| अन्य आय | २२२५९३८८४.१८ | | |
| कुल आय | ८०५१४५३५४.४८ | कुल खर्च | ७८५२७५१२१.८८ |
| | बाँकी मौज्दात | | ८८९९७०७०.१४ |